नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

## मिति २०८३ वैशाख २ गतेदेखि २०८३ असार ७ गतेसम्म सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पार्न राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुरोध

### आर्थिक गणना भनेको के हो ?

गणनाको समयमा देशभित्र सञ्चालनमा रहेका वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने सबै प्रतिष्ठान/व्यवसाय (आर्थिक एकाइहरु) मा पुगी ती प्रतिष्ठान/व्यवसायको विवरण सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं वितरण गर्ने समष्टिगत प्रक्रियालाई "**आर्थिक गणना**" भनिन्छ।

### आर्थिक गणनाका प्रमुख उद्देश्यहरू के हुन् ?

राष्ट्रिय आर्थिक गणना, २०८२ का उद्देश्यमा नेपालभर सञ्चालनमा रहेका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठानहरूको आधारभूत विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने; प्रतिष्ठानहरूको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्र, संरचनाअनुसार आकार र वितरणसम्बन्धी तथ्याङ्क उत्पादन र प्रकाशन गर्ने; सरकारले नियमित रूपमा उत्पादन गर्ने कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानको सुदृढीकरणका लागि आधारभूत तथ्याङ्क उत्पादन गर्ने; राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्याङ्क उत्पादन गर्ने; प्रतिष्ठानमा आधारित सबै प्रकारका सर्वेक्षणका लागि आधारभूत नमुना छनोट फ्रेम **(Sample frame)** निर्माण गर्ने र तथ्याङ्कीय व्यावसायिक रजिष्टर (**Statistical Business Register- SBR)** निर्माण तथा अद्यावधिकको लागि आधार निर्माण गर्ने रहेको छ।

### प्रतिष्ठान भनेको के हो ?

प्रतिष्ठान भन्नाले एउटै स्वामित्व वा नियन्त्रणमा कुनै निश्चित स्थानमा रही एकै वा मुख्य रूपले कुनै एउटा आर्थिक क्रियाकलाप गर्ने आर्थिक एकाइलाई बुझाउँदछ। आर्थिक गणनामा तथ्याङ्क सङ्कलन गर्न लागिएको आर्थिक एकाइ नै मूलतः एउटा प्रतिष्ठान हो। यस्ता प्रतिष्ठानले मुख्यतया एकै प्रकारका मात्र आर्थिक क्रियाकलापहरू सञ्चालन गरेका हुन्छन्।

### आर्थिक गणनामा कस्ता प्रतिष्ठानको गणना गरिन्छ ?

आर्थिक गणनामा विभिन्न वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने औपचारिक वा अनौपचारिक सबै प्रतिष्ठान/व्यवसायहरूको गणना गरिन्छ। जस्तैः ढुङ्गा, बालुवा तथा खनिज पदार्थको उत्खनन् क्रियाकलाप गर्ने व्यवसाय, विभिन्न वस्तु उत्पादन गर्ने लघु, घरेलु, साना, ठुला सबैखालका उद्योग; निर्माण व्यवसाय; विद्युत् उत्पादन तथा वितरण गर्ने व्यवसाय; खानेपानी तथा सिँचाइसम्बन्धी संस्था; फोहोरमैला व्यवस्थापन गर्ने संस्था; होटल तथा लज व्यवसाय; यातायात सेवा सञ्चालन गर्ने व्यवसाय; सूचना तथा सञ्चारसम्बन्धी क्रियाकलाप गर्ने व्यवसाय; वस्तुको थोक तथा खुद्रा बिक्री गर्ने व्यापार व्यवसाय; बैंक तथा वित्तीय संस्था; घरजग्गाको कारोवार गर्ने व्यवसाय; विद्यालय, विश्वविद्यालय जस्ता शैक्षिक संस्था; स्वास्थ्य सेवा दिने अस्पताल तथा संघ-संस्था; विभिन्न प्रकारका विशेषज्ञ तथा प्राविधिक सेवा जस्तैः इन्जिनियरिङ, लेखा परीक्षण, कानूनी सेवा, लेखापढी आदि सेवा व्यवसाय; ट्राभल एण्ड टुर सेवा, ट्रेकिङ सेवा, सेक्युरिटी सेवा, क्याटरिङ सेवा, म्यानपावर सेवा, सहयोगी सेवा उपलब्ध गराउने व्यवसाय; कला, मनोरञ्जन, खेलकुदसम्बन्धी व्यवसाय; विभिन्न प्रकृतिका सामाजिक सेवा प्रदान गर्ने गैरसरकारी संस्था; राजनीतिक दल, विभिन्न व्यावसायिक सङ्गठनहरु र दर्ता भएका कृषि फार्म, पशुपालन फार्म, कुखुरापालन फार्म, मत्स्यपालन फार्म, चिया बगान, जडीबुटी फार्म, नर्सरी तथा यस्तै प्रकृतिका व्यवसाय/संस्थाहरु आदि।

**आर्थिक गणना कसरी सञ्चालन गरिन्छ ?**

राष्ट्रिय आर्थिक गणना, २०८२ मा देशभर सञ्चालनमा रहेका प्रतिष्ठान/व्यवसायको स्थलगत तथ्याङ्क सङ्कलनको लागि खटिनुभएका गणक तथा सुपरिवेक्षक प्रतिष्ठान व्यवसायमा भौतिक रूपमा नै उपस्थित भएर विवरणहरू सङ्कलन गरिन्छ। यस गणनामा मुख्य गरेर दुई प्रकारका प्रश्नावली फारामहरू प्रयोगमा ल्याई तथ्याङ्क सङ्कलन गरिनेछ।

१.सूचीकरण फाराम: नेपालभर सञ्चालित वा अस्तित्त्वमा रहेका सबै प्रतिष्ठान वा व्यावसायिक एकाइको सूचीकरण फाराममा सङ्क्षिप्त विवरण सङ्कलन गरिन्छ।

२.मुख्य प्रश्नावली: सूचीकरण गरिसकिएका प्रतिष्ठान वा व्यवसायहरूको विस्तृत विवरण सङ्कलन गरिनेछ।मुख्य प्रश्नावलीका विवरणहरू निम्न माध्यमबाट सङ्कलन गरिन्छ:

क) इ-सेन्सस (**e–census**): प्रतिष्ठान/व्यवसायी आँफैले भर्न सकिने विधि

ख) कागजी प्रश्नावली (**paper based questionnaire**) : गणक मार्फत भरिने

वि.सं. २०८३ वैशाख २ गतेदेखि २०८३ साल असार ७ गतेसम्म यस राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गतका जिल्ला आर्थिक गणना कार्यालयहरुबाट आर्थिक गणनाका विवरणहरू सङ्कलन गर्न प्रत्येक प्रतिष्ठान व्यवसाय स्थलमा गणक तथा सुपरिवेक्षकहरू आउने छन्।

**के कस्ता विवरण सङ्कलन गरिन्छ ?**

राष्ट्रिय आर्थिक गणना, २०८२ बाट मुख्यतया नेपालमा सञ्चालित सबै आर्थिक एकाइहरू (प्रतिष्ठान तथा व्यवसाय) को ठेगाना, दर्ता तथा स्वामित्व स्थिति, व्यवसाय सञ्चालन अवधि, प्रमुख आर्थिक क्रियाकलाप, रोजगारी स्थिति, व्यवसायको प्रकार, लगानी, ऋणमा पहुँच, बीमा जस्ता विभिन्न तथ्याङ्कीय विवरणहरू सङ्कलन गरिन्छन्।

**आर्थिक गणनामा क-कसको भूमिका रहन्छ ?**

तथ्याङ्ककै आधारमा नीति, योजना तर्जुमा तथा मूल्याङ्कन अनुगमन हुने भएकोले सङ्कलित विवरणहरू समसामयिक, भरपर्दो तथा विश्वसनीय हुनु जरुरी हुन्छ। यसका लागि गणनामा सम्पूर्ण उद्यमी-व्यवसायी, सरोकारवाला संघ-संस्था, नागरिक समाज, पत्रकारलगायत सबैको भूमिका महत्वपूर्ण रहन्छ। यस गणनालाई सफलताकासाथ सम्पन्न गर्न यस राष्ट्रिय अभियानमा सरोकार राख्ने नेपाल सरकारका सबै निकाय, पत्रकार, उद्योगी, व्यवसायी, शैक्षिक संस्था, स्वास्थ्य व्यवसायी, गैरसरकारी संस्था, साना तथा ठुला प्रतिष्ठान, संघसंस्था र सम्पूर्ण नागरिकको सक्रिय सहभागिता हुन्छ। यस कार्यमा सबै सरोकारवालाको सहयोग तथा सद्भाव प्राप्त हुने राष्ट्रिय तथ्याङ्क कार्यालयले अपेक्षा तथा विश्वास लिएको छ। प्रतिष्ठान/व्यवसायहरूबाट सङ्कलित विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य रहने र कुनै निकायमा प्रमाणका लागि वा कर प्रयोजननको रूपमा पेस नगरिने तथा उपलब्ध नगराइने कुरामा कार्यालय सम्बन्धित सबैलाई विश्वास दिलाउन चाहन्छ। यी विवरणहरू सामूहिक तथ्याङ्कीय प्रयोजनका लागि मात्र उपयोग हुनेछन्।

आर्थिक गणना हामी सबैको साझा कार्यक्रम हो। त्यसैले, आर्थिक गणनाको तथ्याङ्क सङ्कलन गर्न प्रतिष्ठान व्यवसाय स्थलमा तथा घर घरमा आउने कर्मचारीलाई सत्य/तथ्य विवरण उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ। राष्ट्रको आर्थिक विकासमा प्रत्यक्ष र परोक्ष रूपमा योगदान गर्ने यस अवसरमा यहाँहरुको अमूल्य सहभागिताको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको हार्दिक अनुरोध गर्दछ।

**“अर्थतन्त्र मापनको लागि आर्थिक गणना”**

**विस्तृत जानकारीको लागि**
**टोल फ्री नं: ११७८**